Regd. No. 769/052/53
S.W.C. Regd. No. 13679

# नेपाल आदिवासी जनजाति महासंघ
संघीय परिषद् सचिवालय
**Nepal Federation of Indigenous Nationalities (NEFIN)**
**Secretariat of Federal Council**

P.O.Box No. 8975, EPC: 1851
Kusunti (Ring Road),
Lalitpur-13, Nepal
Phone/Fax: +977-1-5001754
E-mail: nefen@wlink.com.np
info@nefin.org.np
Website: www.nefin.org.np

मिती : २७ श्रावण ०७२

## प्रेश विज्ञप्ती

चार राजनीतिक दल बिच सहमति भएको १६ बुँदेमा पहिचान र आधार विहिन सिमाङकन गरिएको ६ प्रदेश, आदिवासी जनजाति संवैधानिक आयोग, मौलिक हकमा आदिवासी जनजातिका अधिकार, राज्यको हरेक निकायमा समानुपातिक समावेशीता विना ल्याउन खोजिएको संविधान प्रति नेपाल आदिवासी जनजाति महासंघ गम्भीर असहमति प्रकट गर्दछ । आदिवासी जनजातिहरुको ऐतिहासिक भूगोललाई नियोजित रुपमा विभाजन गरी आदिवासी जनजातिहरुको आन्दोलन, नेपाल आदिवासी जनजाति महासंघ र नेपाल सरकार बिच भएको २० बुँदे र ९ बुँदे सम्झौता, आदिवासी जनजातिहरुको अधिकार सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय घोषणापत्र र महासन्धि विपरित सीमित चार राजनीतिक दल बिच सम्झौता गरी राज्य सञ्चालनमा पूर्ण शासकवर्गको वर्चश्व कायम हुने गरी ल्याउन खोजिएको संविधान र ६ प्रदेशको राज्य पुःन संरचनाको खाका प्रति नेपालका आदिवासी जनजाति लगायत मधेशी, दलित, मुस्लिम, महिला र पछाडि पारिएका समुदायका जनताहरुले स्वीकार गर्न नसकि सवै क्षेत्रवाट विरोध भईरहेको अवस्था छ । नेपालका हामी आदिवासी जनजातिहरुले यस खालको संविधान र ४ राजनितिक दल विच मात्र भएको सहमति अनुसारको संविधान र राज्य पुनः सरचना प्रति विमति रहेको रमेत जानकारी गराउँदछौं ।

पहिचान र नामाङकन विहिन कथित ६ प्रदेशको राज्य पुनः संरचनाले आदिवासी जनजातिहरुको पहिचान, अधिकार, राज्य संयन्त्रमा समानुपातिक समावेशी प्रतिनिधित्व र स्रोतसाधनमा पँहुच स्थापित नहुने, र धर्मनिरपेक्षताको सुनिश्चित नभएको हुँदा आदिवासी जनजातिहरुले आन्दोलन मार्फत मात्र यी कुराहरु स्थापित हुने निष्कर्ष निकालिएको सबैमा जानकारी गराउँदछौं ।

पहिचान सहितको थरुहट, लिम्बूवान, किराँत, मगरात, तमुवान, नेवा, ताम्सालिङ, शेर्पा, वल्लो किराँत प्रदेश, स्वायत्त क्षेत्र,संरक्षित क्षेत्र, आदिवासी जनजाति संवैधानिक आयोग, मौलिक हकमा आदिवासी जनजातिका अधिकार, राज्यको हरेक निकायमा समानुपातिक समावेशी प्रतिनिधित्व प्राप्तीको लागि विभिन्न प्रदेश, स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र, प्राप्तीको लागि भईरहेका आन्दोलनहरुमा नेपाल आदिवासी जनजाति महासंघले पूर्ण समर्थन सहित ऐक्बद्धता व्यक्त गर्दछ । साथै धर्मनिरपेक्षता पक्षधरको आन्दोलन, समुदायगत तथा लैङिक समानताको आन्दोलन एक भएर जानको लागि नेपाल आदिवासी जनजाति महासंघ सबै सरोकारवालाहरुसँग सहकार्य र समन्वय गर्ने जानकारीका साथ त्यही रुपमा नेपाल आदिवासी जनजाति महासंघका एकल जातिय सदस्य संगठन, जिल्ला संगठन, सम्वन्धन संगठनहरुलाई परिचालन गरिसकिएको जानकारीका साथ अन्य सवै परिवर्तन पक्षधरहरु सँग सोही अनुसार अगाडि बढ्न सबै सरोकारवालाहरुलाई समन्वय र सहकार्यका लागी आवह्‍न गर्दछौं ।

..................................
मा. नगेन्द्र कुमार कुमाल
अध्यक्ष